# लैङ्गिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण नीति २०८०

पाल्हिनन्दन गाँउपालिका

गाँउकार्यपालिकाको कार्यालय

कुश्मा-३,नवलपरासी (ब.सु.प.)

लुम्बिनी प्रदेश

## बिषयसूची


१. पृष्ठभूमि ........ 1

२. विगतका ब्यबस्था, प्रयासहरुः ........ 2

३. पाल्हिनान्दन गाउँपालिकाको संक्षित परिचयः ........ 2

४. वर्तमान स्थितीः ........ 3

५. लै.अ.स.सा. सम्बन्धमा प्रमुख रुपमा देखिएका समस्या, चुनौति र अवसरहरु ........ 6

क) यस पालिकाका समस्याहरु यस प्रकार छन : ........ 6

ख) यस पालिकाका चुनौतीहरु यस प्रकार छन : ........ 7

ग) अवसरहरु : ........ 7

६. लै.अ.स.सा. नीतिको आवश्यकता तथा महत्वः ........ 8

७. दीर्घकालिन सोच, लक्ष्य तथा उद्देश्यः ........ 9

७.१ दीर्घकालीन सोचः ........ 9

७.२. दिर्घकालिन लक्ष्यः ........ 9

७.३ उद्देश्यहरुः ........ 9

८. नीतिहरुः ........ 9

९. रणनीति तथा कार्यनीतिहरुः ........ 10

९.१. नीतिः ........ 10

९.२ नीतिः ........ 11

९.३ नीतिः ........ 12

९.४ नीतिः ........ 13

९.५ नीतिः ५ ........ 13

९.६ नीति ६ः ........ 14

१०. नीतिको कार्यान्यनमा आउन सक्ने संभावित जोखिम तथा सो जोखिम न्युनिकरणका उपायहरु ........ 15

१३. लैंङ्गिक समानता तथा सामाजिक समाबेशीकरण नीतिको कार्यान्वयनको लागि समितिको व्यवस्था ........ 20

१४. नीतिको पुनरावलोकन तथा सुधारः ........ 22

१५. खारेजी तथा बचाउ ........ 22

## १. पृष्ठभूमि

नेपालमा संघीय गणतन्त्रात्मक व्यवस्था स्थापना संगै नेपालको संविधानले प्रस्तावनामा नै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दैवर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, अपांग, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । यसका लागि संविधानको मौलिक हक अन्तर्गत धारा १६ ले सबै व्यक्तिहरुको सम्मानपूर्वक बाच्ने हक, धारा १७ ले स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक, ३८ ले महिलाको हक, धारा ३९ ले बालवालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरिकको हक, धारा ४२ ले सामाजिक न्यायको हक र धारा ५१ (ञ) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्थाको साथै धारा ५२ ले राज्यले गर्नुपर्ने दायित्वको ब्यवस्था गरेको छ । यसका साथै राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, थारु आयोग, मधेशी आयोग, मुस्लिम आयोग जस्ता संवैधानिक आयोगहरुको व्यवस्था समेत गरी संविधानले समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तलाई आत्मसाथ गरेको छ । संविधानको भाग १७ मा स्थानीय कार्यपालिका, भाग १७ मा स्थानीय व्यवस्थापिका भाग १९मा स्थानीय आर्थिक कार्यप्रणाली र भाग २० मा संध, प्रदेश र स्थानीय तह बीचको अन्तर सम्बन्धको बारेमा व्यवस्था गरेको छ। सो अनुरुप स्थानीय सरकारको व्यवस्थापन गर्ने अधिकार दिईएको छ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तह देखि नै सुदृढीकरण गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४, कार्यान्वयनमा ल्याईएकोछ। सोही ऐनको दफा २४ ले पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा, स्थानीयस्तरमा विकासका लागि आवधिक, बार्षिक, रणनीतिगत विषयगत क्षेत्रमा मध्यकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रुपमा ब्यवस्था गरेको र सोही दफाको उपदफा (२) मा योजना बनाउँदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने उल्लेख गरेको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको सामाजिक समावेशीकरण नीति, २०७६ ले विभेद रहित, समृद्ध र न्यायपूर्ण समाजको स्थापनाका लागि सवै वर्ग, जातजाति, लिंग तथा क्षेत्रको समान सहभागिता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागिताको भूमिका सहित सामाजिक समावेशीकरण मार्फत सबैले आत्मसम्मान बोध हुने वातावरण निर्माण गर्न सबै तह, क्षेत्र तथा संरचनाहरुमा मूलप्रवाहीकरणको माध्यमबाट समावेशी शासन पद्धतिलाई संस्थागत गर्ने उद्देश्य लिएको छ। साथै उक्त नीतिले स्थानीय तहसम्म सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्न समितिको गठन गरी कार्य गर्न व्यवस्था समेत गरेको छ ।

यसैगरी पन्ध्रौ योजना (२०७६/०७७-२०८०/२०८१) र राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ ले योजना देखि उपलब्धिसम्म लैङ्गिक समानता र समावेशी विषयलाई आन्तरिकीकरण गर्न सबै तहहरुमा कार्य गर्न निर्देशित साथै व्यवस्था गरेकोछ । यी कार्यहरु गर्न पाल्हिनन्दन गाउँपालिकाले लैङ्गिकमैत्री र समावेशी पालिका बनाउने परिकल्पना अनुरुप आफ्ना नागरिकको विकासका लागि २०७३ देखि **"हामी सबैको प्रण:**

**समृद्ध पाल्हिनन्दन"** भन्ने मुल लक्ष्य निर्धारण गरी नागरिकका बृहत्तर हित प्रवर्द्धनगर्दै सामाजिक न्याय सहितको विकास कार्यहरु गर्दै आएकोछ । गाउँपालिका भित्र रहेका सबैमानब सम्प्रदायको समुचित विकास गर्न विषेशतः समाजका जोखिमपुर्ण अवस्थाका नागरिकको उन्नति गर्न संविधानका अधिकारको अधिकतमउपयोग गर्न विभिन्न नीति निर्माण गर्ने त्यसको प्रभाबकारी कार्यान्वयन गर्ने र विकासको आवाधिक समिक्षा गर्दै कमजोरीलाई इतिहाँसका पानामा सिमित गरी सम्मुनत समाजको हरपक्षलाई संस्थागत व्यवस्था सहित दिगो विकासको लक्ष्य हाँसिल गर्न प्रयत्नशिल छ । पाल्हिनन्दन मा भौतिक विकाससँगै सन्तुलित र सामाजिक न्यायका लागि समावेशीकरण सहितको अपेक्षित विकासका लागि यस पालिकावाट गठन तथा सञ्चालन हुने समिति, संरचना र क्रियाकलापहरुलाई लै.अ.स.सा. मुलप्रवाहीकरणको माध्यमवाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतीलाई संस्थागत गर्न आवश्यक देखीएकोले**"पाल्हिनन्दनगाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८०** "तयार गरिएको छ।

## २. विगतका व्यबस्था, प्रयासहरुः

**स्थानीय सरकार सञ्चालन ऐन २०७४** को परिच्छेद ३ को दफा ११ मा उल्लेख गरिए बमोजिम **गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार** अन्तर्गत विभिन्न बुँदाहरुहरुले जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरु सहित सुकुम्बासी व्यवस्थापन गर्न लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन, सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क, सूचना व्यवस्थापन, गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन गर्ने कुराहरु उल्लेख गरिएको छ ।

त्यस्तै उक्त **ऐनको दफा १२** मा उल्लेख गरिए बमोजिम **वडा समितिको काम, कर्तव्य र अधिकार** अर्न्तगत **स्थानीय तहको योजना तर्जुमा** गर्दा सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग संकलन, प्राथमिकीकरण तथा छनौट गर्ने कुरालाई जोड दिएको छ । **वडाभित्रका विकास कार्यहरु कार्यान्वयन** गर्दा उक्त वडा भित्र आर्थिक तथा सामाजिक रुपले पछि परेका वा पारिएका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने कुरालाई समेत स्पष्ट रुपमा औंल्याइएको छ । त्यस्तै उक्त ऐनले वडाभित्र बालविवाह, बह - विवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया, प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने दायित्व समेत सुम्पेको छ।

## ३. पाल्हिनान्दन गाउँपालिकाको संक्षित परिचयः

पाल्हीनन्दन गाउँपालिका लुम्विनी प्रदेशअन्तर्गत नवलपरासी जिल्लाको सदरमुकाम परासीबाट ७ कि.मि. दक्षिण तर्फ रहेको छ | ऐतिहासिक धार्मिक स्थल पाल्ही भगवती मन्दिर र साविक गेरमी र सनई गा.वि.स. मा ३६ विघामा अवस्थित रहेको नन्दन तालको ऐतिहासिक गाथा बोकेको पाल्ही नन्दन गाउँपालिका साविक को रमपुरवा, हरपुर, कुश्मा, पाल्ही, गेरमी र सनई गा. वि. स. को साझा संगम हो । ४४.६७ वर्ग कि. मि. क्षेत्रफल ओगटेको यो गाउँपालिका को कुल जनसंख्या ३५४२९ रहेको छ । यस गाउँपालिकामा बसोवास गर्ने कूल जनसंख्या मध्ये ९९ प्रतिशत अवधि र भोजपुरी भाषा बोल्दछन भने करिव १ प्रतिशत जनसंखया

थारु, उर्दु र नेपाली भाषा बोल्दछन् । पुर्वमा सरावल गाउँपालिका, पश्चिममा रुपन्देहीको रोहिणी गाउँपालिका, उत्तरमा रामग्राम नगरपालिका र दक्षिणमा भारत संग ,सिमाना जोडिएको गाउँपालिकामा महेशपुरभन्सार यस गाउँपालिकाको अर्को चिनारी हो । गुप्ता, हरजिन, यादव, मुस्लिम र हरजिन जातिको मुख्य बासोबास रहेको यस गाउपालिकाको मुख्य पेशा कृषी रहेको छ । सिमित मात्रामा विद्यालय भएकोले उच्च शिक्षा लिनको लागि जिल्ला सदरमुकाम तथा अन्य शहरहरु तथा राजधानीमा जानु पर्ने वाध्यत्मक अवस्था रहेको छ । पाल्ही भगवती मन्दिर, शिव मन्दिर लोहरौली, सोहगौरा मन्दिर पडरी, नन्दन ताल सनई र गेरमी, राधाकृष्ण मन्दिर रामजानकी मन्दिर सुगौली यस गाउँपालिका का मुख्य ऐतिहासकि पर्यटकिय स्थल हुन ।

यस पालिकामा बसोवास गरिरहेका मानिसका आर्थिक, सामाजिक, राजनितिक, सांस्कृतिक क्षेत्रका विशेषतामा समेत विविधता छ भने राज्यका सबै अङ्ग र मानविय विकासका अवसरमा समेत न्यायिक अर्थपुण सहभागीता र प्रतिफलको समन्यायिक वितरण हुन नसकेको अवस्था तथ्याङ्कहरुबाट पुष्टि हुन सकेको छैन । स्वभाविक रुपमा नेपाल बहुभाषिक, बहुजातीय, बहुसांस्कृति, बहुधार्मिक तथा भौगोलिक विविधतायुक्त विषेशताको समाजसँग पाल्हिनन्दन गाउँपालिकाको समाजको चरित्र पनि मिलेको पाईन्छ । समाजमा कयौ मौलिक प्रथा, परम्परा भित्र असल अभ्यास छन् भने कयौं अन्धविश्वास, कुरितीहरु समेत आधुनिक समाजको विकासका चुनौतिका रुपमा रहेका छन् । समाजका असल सांस्कृतिक परम्पराहरुलाई निरन्तरता दिदैं, संरक्षण र प्रवर्द्धन गर्दै असल समाजको समृद्ध यात्रा तय गर्न गाउँपालिकाले स्पष्ट नीति तथा रणनीति र कार्यनीतिको तर्जुमा गरी कार्यान्वयनको स्पष्ट लक्ष्य हाँसिल गर्ने कुरामा सबै सरोकारवालाहरुको दृढ विश्वास छ ।

## ४. वर्तमान स्थितीः

लैङ्गिक समानता र सामाजिक समावेशीकरणको मूल प्रवाहिकरण विकास निर्माणको एक अनिवार्य शर्त हो । हाम्रो जस्तो लैङ्गिक असमानता भौगोलिक तथा जातिय विविधता भित्र रहेको विभेदपूर्ण समाजमा सबै नागरिकहरुले विकासका लाभहरुबाट लाभान्वीत हुनका लागि समानता र सामाजिक समावेशीकरण अपरिहार्य हुन्छ । गरिबीमा रहेको जनसंख्याको ठूलो हिस्सा महिला, दलित, आदिवासी, जनजाती, सीमान्तकृत एवं पछाडि पारिएको वर्ग तथा समुदायको रहेको छ । समाजमा महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक र पुरुष, दलित र गैरदलित धनी र गरीब समूहका बीच शिक्षा, स्वास्थ्य, पोषण लगाएत रोजगार, अवसर, सहभागिता तथासेवाको उपभोग र स्रोतमाथिको पहुँचमा असमानता र विभेदको गहिरो खाडल रहेको छ । यो अवस्था यस पालिनन्दन गाउँपालिकामा पनि रहेको छ । यस गाउँपालिकामा थारु, मधेसी,मुस्लिम, दलित, ब्राम्हण, क्षेत्री र अन्य जनजातीको लगाएत अल्पसंख्यक चमार (हरिजन),तेली जातीको पनि बसोबास रहेको पाइन्छ । राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार पालिनन्दन गाउँपालिकाको कूल जनसंख्याको ५०.९८ प्रतिशत महिलाको जनसंख्या रहेको छ । विकासको मुलधारबाट पर रहेका नागरिकहरुलाई जीवनका आधारभूत आवश्यकता परिपूर्ती गर्न साथै नागरिकको मौलिक हकको रुपमा रहेकोस्वास्थ्य, शिक्षा, रोजगारीको हकलाई कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक प्रयासहरु गरिरहेको छ ।

गाउँपालिकाले लैङ्गिक विभेद अन्त्यका लागि **"परिवर्तन घरैबाट"**भन्ने अभियान संचालन गरेको छ । नागरिकसशक्तीकरणका लागि महिलाहरुलाई विभिन्न समिती तथा समूहमा संगठित गरी क्षमताअभिबृद्धिका तालिमसंचालन गरेको छ भने एकल महिलाहरुलाई सबै वडामा संगठित गरी स्वावलम्वन कार्यक्रम अन्तरगत

तालिम तथा बिउ पूँजी सहयोग गरेको छ । महिलाको उद्यमशिलता विकासका लागि बाख्रा पालन,सलाईकटाई,होजियरी, मुढा बनाउने तथा अन्य स्वरोजगारी सम्बन्धि तालिमहरु सचालन गरेको छ । समुदायमा हुने लैङ्गिक हिंसाका घटनाहरुलाई सम्बोधन गर्न लैङ्गिक हिंसा निगरानी समूह गठन गरी परिचालन गरेको छ भने पालिकामा रहेको न्यायिक समितीले उजुरी कार्वाहीकिनाराका लागि कार्यविधि निर्माण गरी काम गरिरहेको अवस्था छ । पालिकाले हिंसा प्रभावितलाई सहयोग गर्न लैङ्गिक हिंसा निवारण कोषको स्थापना गरेको छ । जेष्ठनागरिक परिचयपत्र कार्यविधि र अपाङ्गता परिचयपत्र कार्यविधि निर्माण गरी सरकारद्वारा प्रदान गरिएका सेवा सुविधामा

सो समुदायको पहँच सुनिश्चित गरेको छ ।अन्तरपुस्ता सम्वाद तथा समविकासका कार्यक्रमहरु मार्फत लैङ्गिक समता र समानताका लागि सचेतनामूलक कार्यक्रमहरु संचालन गरिरहेको छ । अपाङ्गता भएका व्यक्तिहरुलाई संगठित गरी अपाङ्गता सञ्जाल निर्माण गरेको छ । साथै घुम्ती शिविर मार्फत अपाङ्गता परिचय पत्र वितरण तथा आवश्यकता अनुसारका साहायक सामाग्री वितरण साथै सीप विकास तालिम संचालन गरेको छ । यसैगरीसामुदायिक विद्यालयहरुको तथा भौतिक पूर्वाधार गुणस्तरका लागि शिक्षा ऐन नियमावली निर्माण गरी लागू गरेको छ । पालिकाले शैक्षिक उत्प्रेरणाका लागि शैक्षिक सम्मेलन शैक्षिक सामाग्री सहयोग सहित विद्यालयमा वास कर्नरको स्थापना गरेको छ । विद्यालयको स्तरोन्नती सहित सुचना प्रविधी तथा विज्ञान प्रयोगशाला पुस्तकालय व्यवस्थापन गरेको छ ।

| **सामुदायिक बिद्यालय** | | | | **संस्थागत बिद्यालय** | | | | **धार्मिक बिद्यालय** | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | छात्र | छात्रा | जम्मा | संख्या | छात्र | छात्रा | जम्मा | संख्या | छात्र | छात्रा | जम्मा |
| १५ | २२५९ | २४५२ | ४७११ | १५ | २३४० | १४१८ | ३७५८ | १३ | ७७१ | १४१५ | २१८६ |

पालिकामा रहेका विभिन्न तहका ४३ वटा विद्यालयबाट १०६५५ जना बालबालिकाहरु लाभान्वित भएकाछन् जसमा ५३७० जना छात्र र ५२८५ जना छात्रा रहेका छन् । मुख्यमन्त्रीवाट कक्षा ११ र १२ का छात्राहरुले साइकल पाएका छन् ।यद्यपी पालिकामा एक वटा पनि क्याम्पस नहुँदा स्थानीय स्तरमा नै उच्च शिक्षा प्राप्त गर्नबाट यहाँका छात्र छात्राहरु वञ्चित रहेका छन् ।स्वस्थ्य गाउँपालिका निर्माण गर्न स्वास्थ्य नियमावली जारी गरी सबैका लागि स्वास्थ्य विमा कार्यक्रम लागू गरेको छ । सवै वडामा निशुल्क आधारभूत स्वास्थ्य सेवा उपलब्ध, स्वास्थ्य चौकीको स्तरोन्नती गरी निशुल्कल्याब सेवाको व्यवस्था, विशेषज्ञ सहितको घुम्ती शिविर, वर्थिङ्ग सेन्टरको स्थापना गरेको छ भने, मातृ मृत्यु तथा कुपोषण अन्त्यका लागि मातृशिशु पोषण कार्यक्रम संचालन निर्देशिका जारी गरी गर्भवती अवस्थाबाट नै आमा र बच्चाको स्याहरमा परिवारको दायित्वको सचेतना साथै सुत्केरी आमाको पोषण स्याहारका लागिरकम सहयोग कार्यक्रम, विपन्न महिला बालबालिका र किशोरीका लागि उत्तम पोषण झोला सहयोग साथै विद्यालय स्वास्थ्य कार्यक्रम मार्फत किशोरीहरुलाई आइरनफोलिक एसिड खुवाउने एवं विद्यार्थीहरुको नियमितस्वास्थ्य परीक्षणको व्यवस्था गरेको छ । गाउँपालिकामा१५ सैय अस्पताल १ वटा, अयुबेर्दिक औषधालय २ र ५ वटा स्वास्थ्य संस्थाहरुले यसवर्ष २११६२ जनालाई सेवा दिएको छ जसमा १२७१४ जना महिला अर्थात महिलाको कूल जनसंख्याको ३०.११% महिलाकोस्वास्थ्य सेवामा पहुँच पुगेको देखिन्छ ।

*पालिकाले स्थानीय रोजगार प्रवर्द्धनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फततपशिल बमोजिम रहेकोछः*

**पाल्हीनान्दन गाउँपालिका तथ्यांक**

| सुचितकृत बेरोजगार संख्या | | | कुल रोजगारीका लागि छनौट/संगलन संख्या | | | योजना संख्या | | | | कुल रोजगारी दिनहरु | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | नेपाल सरकार | विश्व बैंक | जम्मा | पूर्ण | सक्रिय | नेपाल सरकार | विश्व बैंक | नेपाल सरकार | विश्व बैंक | जम्मा |
| १५४ | ५२१ | ६७५ | ३९ | ४० | ७९ | ६ | ० | ३ | ३ | ३८०३ | ३९११ | ७७१४ |

**गाउँपालिकाले सामाजिक सुरक्षा सहयोग कार्यक्रमको बिस्तृत विवरणः**

| विवरण | वडाहरु | | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | | |
| दलित | २१ | ५० | ३३ | ७३ | ४३ | ५१ | २७१ | |
| एकल महिला | २४ | ३८ | ४० | ४० | ३६ | १८ | १९६ | |
| बालबालिका | ३३ | ७८ | ७४ | १२१ | ८८ | ५५ | ४४९ | |
| जेष्ठ नागरिक | ३०२ | ३४४ | ४२१ | ३९३ | ३८७ | ३०१ | २१४८ | |
| विधवा | ७५ | ६१ | ५२ | ५६ | ८५ | ५३ | ३८२ | |
| पूर्ण अपांग | ६ | ११ | ६ | २ | ६ | ८ | ३९ | |
| आंशिक अपांग | २४ | ४३ | ४१ | २० | ३० | २७ | १८५ | |
| लोपोन्मुख | - | ९ | - | - | - | - | ९ | |
| जम्मा | ४८५ | ६३४ | ६६७ | ७०५ | ६७५ | ५१३ | ३६७९ | |

गाउँपालिकाले सामाजिक सुरक्षा सहयोग कार्यक्रमको मार्फत समुदायका जेष्ठ, दलित, एकल, विधवा, दलित विद्यार्थीहरुलाई सहयोग गरिरहेको छ । जसमध्ये २७१ जना दलित बालबालिकाको शिक्षा प्रासीमा सहयोग गरेको छ भने ३९ जना पूर्ण र १८५ जना आंशिक अपाङ्गता भएका व्यक्तिहरु र१७६९ जना जेष्ठ नागरिक र ३८२ जना एकल तथा विधवा महिलाहरु गरी जम्मा ३६७९ जना कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित भएको अवस्था छ । गाउँपालिकाले कृषक मजदुर विपन्न तथा भूमिहिनहरुको सामान अधिकार स्थापितका लागि कृषि तथा पशुपालनलाई व्यवसायिक गर्न कृषि व्यवसाय प्रवर्दधन सम्बन्धी ऐन, सहकारी ऐन, औद्योगिक ऐन,

संस्था दर्ता ऐन, सार्वजानिक निजी साझेदारी ऐन, खानेपानी सरसफाई एवंस्वच्छता ऐन लगाएतका ऐन तथा निर्देशिकाहरु निर्माण गरेको छ । आगामी दिनमा यी ऐन, नियम, निर्देशिका, कार्यविधिहरुको प्रभावकारी कार्यान्वयन साथै आवश्यक अन्य ऐन, नियमहरुको निर्माण तथा परिमार्जन गरी प्रभावकारी कार्य गरेमा लैंगिक मैत्री तथा समावेशी पालिनन्दन गाउँपालिका सम्भव रहेको छ ।

लैङ्गिक असमानता यसको कारण हुने लैङ्गिक हिंसा, मानव बेचविखन तथा ओसार पसार, हानिकारकसाँस्कृतिक तथा समाजिक परम्परागत अभ्यासहरु हाम्रो समाजको मुख्य समस्याको रुपमा रहेको छ । जसका कारण राज्यका हरेक संरचनाहरुमा लिङ्ग जाती र वर्गहरु बीच असमान शक्ति सम्बन्ध स्थापित रहेको छ ।समाजमा पित्तृसत्तात्मक संरचना र विषाक्त पुरुषत्वका कारण महिलाहरु बढी हिंसाको जोखिममा रहेका छन् । विशेष गरी महिला, बालबालिका, किशोरी, दलित, यौनिक तथा लैङ्गिक अल्पसंख्यक , अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य तथा रोजगारीमा न्यून पहुँच रहेको छ । समाजमा स्थापित विभिन्न हानिकारकसामाजिक साँस्कृतिक अभ्यासहरुले महिला, बालबालिका, किशोरी, दलित, यौनिक तथा लैङ्गिक अल्पसंख्यक , अपाङ्गता भएका व्यक्तिहरु र पुरुषहरुलाई पनि नराम्रो गरी प्रभाव पारेको छ । गुणस्तरीय शिक्षा, स्वास्थ्यसेवाबाट बञ्चीत बालबिवाह, बहुविवाह, छाउपडी तथा महिनावारी छुवाछुत, घरेलु हिंसा, विद्युतिय हिंसा,बोक्सीको अरोप, सम्पत्तीबाट वञ्चित, जातिय छुवाछुत, बलात्कार, यौनजन्य हिंसा, हत्या, आत्महत्या जस्ता महिला तथा सिमान्तकृत समुदाय विरुद्ध संरचनागत लैङ्गिक हिंसाहरु व्याप्त रहेको छ । विगत एक वर्षमा न्यायिक समितिमा उजुरी भएका ४७ वटा घटना मध्ये ३ वटा लैङ्गिक हिंसाका घटना रहेका छन् । उजुरी भएका घटना मध्ये २३ वटामा समितिले न्यायिक निरुपण गरेको छ भने ७ वटा विभिन्न निकायमा प्रेसण गरेको छ । आ व २०७९/०८० मा न्यायिक समितिमा जम्मा ४७ (१) ८ , ४७ (२) वटा लैङ्गिक हिंसाको घटना उजुरी भएका छन् जसमध्ये २३ वटामा न्यायिक निरुपण भएको छ भएको ७ वटा जिल्ला प्रहरी र जिल्ला अदालतमा रेफर गरिएका र ८ वटा प्रक्रियामा नै रहेका छन् । यसैगरी इलाका प्रहरी कार्यालयमा गत वर्ष लैङ्गिक हिंसाका २ वटा केश दर्ता भएको अवस्था छ । न्यायिक समिति र प्रहरी कार्यालयमा उजुरी भएका लैङ्गिक हिंसाको संख्या न्यून रहेको देखिन्छ । यस अवस्थालाई गहन ढङ्गबाट अध्ययन तथा विश्लेषण गरी कार्य गर्न आवश्यक रहेको देखिन्छ ।

## ५. लै.अ.स.सा. सम्बन्धमा प्रमुख रुपमा देखिएका समस्या, चुनौति र अवसरहरु

**क) यस पालिकाका समस्याहरु यस प्रकार छन :**

- लै.अ.स.सा. सम्बन्धि नीतीहरु संघीय र प्रादेशिक सरकारमा व्यवस्था भएतापनि स्थानीय सरकारमा तर्जूमा नभएको |
- स्थानीय सरकारको स्रोत र सेवामा लक्षित समुदायको पहुँचमा कमी |
- वार्षिक योजना तथा कार्यक्रममा सामाजिक समावेशीकरणका विषय प्रर्याप्त रुपमा नसमेटिएको |
- लक्षित वर्गहरुलाई लक्षित गरेर बनाएको योजना तथा कार्यक्रमको समय सापेक्ष प्रभावकारी कार्यान्वयन र लक्षित वर्ग पहिचान गर्न कठिनाई रहेको |
- गाउँपालिकाको विशिष्टीकृत तथ्याङ्क अद्यावधिक नहुनु |

- लक्षित वर्गको (विपन्न, जोखिममा परेका तथा सिमान्तकृत मध्येमा पनि महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका आदी व्यक्तिहरु) एकिन तथ्यांक नहुनु,
- स्थानीय स्तरमा सिमान्तकृत समुदायकलाई मुलप्रवाहीकरण गर्नका लागी छुट्टै नीति तथा पर्याप्त कार्यक्रमको अभाव,
- योजना कार्यान्वयनमा प्रभावकारी सुचकमा आधारित अनुगमन तथा मुल्यांकन प्रणालीलाई प्रविधिमैत्री गराउन नसकेको,

**ख) यस पालिकाका चुनौतीहरु यस प्रकार छन :**

- सेवा प्रदायकहरु र निर्णय प्रकृयामा संलग्न हुने व्यक्तिहरुमा सामाजिक सुरक्षा तथा संवेदनशिलता प्रतिको सचेतना कमी हुनु र प्राथमिकतामा नपर्नु,
- नीति तथा कार्यक्रमलाई सामाजिक न्यायको सशक्त माध्यम बनाउन नसक्नु,
- ठोस नीति तथा मापदण्डको अभाव,
- कार्यक्रमहरु बीच समन्वय र सामजस्यता नहुनु,
- सेवा प्रदायकहरुमा जवाफदेहिता साथै सेवा र विकासमा उत्तरदायित्वको कमी,
- लैङ्गिक विभेद, बालविबाह, हिंसा, सामाजिक कुरिति र कुप्रथा यथावत हुनु,
- गाउँपालिकाले सम्पादन गर्ने कृयाकलापमा लै.अ.स.सा. को अवस्था बारेमा विश्लेषण नहुनु, लाभान्वित वर्गको बारेमा विश्लेषण गर्ने कार्य नहुनु र कार्यान्वयन गरेका कार्यहरुको प्रभावकारिता र मुल्यांकन नहुनु,
- विभिन्न सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गर्ने अभ्यासको कमी,
- शासन तहमा सबै सम्प्रदायको समान सहभागीता नहुनु,
- समतामुलक स्रोतको बाँडफाँडमा ध्यान दिन नसक्नु

**ग) अवसरहरु :**

- अनुगमन तथा मुल्यांकनका लागी उपाध्यक्षको संयोजकत्वमा अनुगमन समितीको व्यवस्था ।
- स्थानिय सरकार अर्न्तगत सामाजिक विकास समिती, सामाजिक विकास शाखा, महिला बालबालिका तथा समाज कल्याण इकाईको व्यवस्था ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लै.अ.स.सा.) सम्बन्धि वार्षिक निति तथा बजेट तर्जुमा कार्यान्वयन र अनुगमन, मुल्यांकनको व्यवस्था ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लै.अ.स.सा.) नीति निर्माण गर्ने क्रममा स्थानिय स्तरमा रहेका पछाडि परेका वा पछाडि पारिएका वर्गहरुको आवाज समेटिने र उनीहरुको समस्या पहिचान गरी सम्बोधन गर्नमा थप टेवा पुग्नेछ।

- लै.अ.स.सा. नीति मार्फत गाँउपालिकालाई जनताप्रति उत्तरदायी र जवाफदेहि बन्न सहयोग हुनेछ ।
- लै.अ.स.सा. मैत्री गाँउपालिका बनाउनमा थप सहयोग पुग्नेछ ।
- लै.अ.स.सा. नीति बनाई सकेपछि विभिन्न किसिमका अवसरहरुको पहिचान भई सहयोगी सरोकारवालाहरु पहिचान, समन्वय र सहकार्य हुनेछ ।
- योजना कार्यान्वयनमा प्रभावकारी सुचकमा आधारित अनुगमन तथा मुल्यांकन प्रणालीलाई प्रविधिमैत्री गराउन नसकेको,
- लै.अ.स.सा. नीति द्धारा समाजमा भए गरेका सामाजिक विभेद, लैङ्गिक हिंसालाई न्युन गरी समाजमा सामाजस्यता कायम गर्न सहयोग पुग्ने विश्वास लिएको छ।

## ६. लै.अ.स.सा. नीतिको आवश्यकता तथा महत्वः

- लै.अ.स.सा. को अवधारणलाई शासन तथा नीतिगत तहमा प्रतिनिधित्व सुनिश्चित गर्दै आवश्यक क्रियाकलापको संञ्चालन गर्न,
- पालिकाको योजना तर्जूमा प्रक्रियालाई लै.अ.स.सा. मैत्री बनाउन।
- गाउँपालिकाको सबै स्रोतहरुमा आवश्यकता अनुसार लै.अ.स.सा. उत्तरदायी बनाउन ।
- गाउँपालिकाका नीति तथा कानुनहरु लै.अ.स.सा. मैत्री बनाई सबै योजना तथा व्यवस्थाहरुमा मुलप्रवाहीकरण गर्न ।
- गाउँपालिकामा सामाजिक न्यायको प्रतिफल लक्षित समुह सम्म पुर्‍याउन मार्गनिर्देशन गर्न ।
- राष्ट्रिय तथा अर्न्तराष्ट्रिय प्रतिबद्धताहरुलाई स्थानियकरण गरी दिगो विकासका लक्ष्य प्राप्त गर्न ।
- लक्षित समुहको अधिकार तथा कर्तव्यहरुलाई नीतिगत सम्बोधन गरी विकासको प्रतिफल लक्षित समुह सम्म पुयाउन ।
- संघात्मक व्यवस्था बमोजिम कानुनी राज्यको कर्तव्यलाई पूर्णरुपमा पालना गर्न ।
- गाउँपालिका अर्न्तगतका हरेक तह र इकाईहरुमा लैङ्गिक तथा सामाजिक समावेशी हिसाबले सामानुपातिक सहभागीता सुनिश्चित गर्न,
- पालिकाको क्षेत्रमा मानविय तथा संस्थागत क्षमता सुदृढिकरण गर्न ।
- लैङ्गिक समानता, अपांगता तथा सामाजिक न्यायमा आधारित समृद्ध समाज निर्माण गर्न ।
- गाउँपालिकामा विमान लैङ्गिक असमानता र समाजिक विभेदहरुलाई निराकरण गर्न ।
- एकात्मक राजनीतिक व्यवस्थाले सिंर्जना गरेका सबै प्रकारका सामाजिक, आर्थिक, भाषिक, धार्मिक तथा अन्य विभेदहरुको अन्त्य गरी मौलिक समाजको विविधतालाई संरक्षण गर्न
- सबै प्रकारका मानवीय विकासका अवसरहरुलाई समानुपातिक रुपमा वितरण गर्ने, संस्थागत तथा सामाजिक संरचनाहरुको निर्माण गर्न ।

- समाजमा रहेको असमान शाक्ति सम्बन्धको अन्त्य गरी समानता र न्यायपूर्ण सम्बन्धहरुको विकास गर्न ।

## ७. दीर्घकालिन सोच, लक्ष्य तथा उद्देश्यः

### ७.१ दीर्घकालीन सोचः

**"हामी सबैको प्रणः समृद्ध पाल्हिनन्दन"** भन्ने दिर्घकालिन सोचका साथ लैङ्गिक, जातीय, वर्गीय, क्षेत्रीय, धार्मिक, उमेर र फरक क्षमताको (अपांग) आधारमा हुने सबै प्रकारका भेदभावको अन्त्य गरी समानतामूलक समावेशी र मर्यादित गाउँपालिकाको निमार्ण गर्ने ।

### ७.२. दिर्घकालिन लक्ष्यः

- सामाजिक न्याय सहितको समतामुलक समाजको निर्माण गर्ने ।

### ७.३ उद्देश्यहरुः

(क) नीति, योजना, कार्यक्रम र बजेट लै.अ.स.सा. मैत्री बनाउने ।

ख) सरकारी तथा सामाजिक संरचनाहरु समावेशी बनाउने ।

ग) महिला, दलित, पिछडिएका आदी वर्गहरुमा ज्ञान, सिप क्षमता अभिबृद्धि गरी आर्थिक सशक्तिकरण तथा नेतृत्व विकास गर्ने ।

घ) महिला, दलित र पिछडिएका आदी वर्गहरुलाई सामाजिक र आर्थिक रुपमा सशक्त बनाउने ।

ङ) विभेदकारी सामाजिक मूल्य, मान्यता र प्रचलनहरुलाई रुपान्तरण गरी सामाजिक न्याय सहितको समतामुलक समाजको निमार्ण गर्ने ।

## ८. नीतिहरुः

१. नीति, कानुन, मापदण्ड, योजनाहरुको पुनरावलोकन, संसोधन तथा तर्जुमा गर्ने,

२. कार्यक्रम तथा बजेट लैङ्गिक उत्तरदायी तथा समावेशी बनाउने,

३. विकासका मुल विषयहरुमा आवश्यकताको आधारमा सूचनाको पहुँच र अर्थपूर्ण सहभागीतालाई सुनिश्चित गर्ने,

४. लक्षित वर्गलाई सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण सुनिश्चतता गर्ने,

५.सामाजिक समावेशिकरण सम्बन्धि नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्बद्ध रोकारवालाहरुको संस्थागत क्षमता अभिवृद्धि गर्ने,

६. सामाजिक सद्भाव सुमधुर बनाउन विभ्नान सबै प्रकारका भेदभावजन्य प्रचलन र व्यवहार अन्त्यगर्ने,

## ९. रणनीति तथा कार्यनीतिहरुः

### ९.१. नीतिः

१. नीति, कानुन, मापदण्ड, योजनाहरुको पुनरावलोकन संशोधन तथा तर्जुमा गर्ने ।

**रणनीति**

- पाल्हिनन्दन गाँउपालिकामा हाल सम्म तर्जुमा भएका नीति, कानुन, मापदण्ड, योजनाहरुको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सिद्धान्त बमोजिम पुनरावलोकन, संशोधन तथा तर्जुमागर्ने,
- सबै तह र कार्य क्षेत्रहरु लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र उत्तरदायी गर्न
- संस्थागत संरचनाहरु विकास र विस्तार गर्ने,
- निर्माण हुने नीति, कानुन, मापदण्ड, योजनाहरुको मस्यौदा तयार गर्दा सरोकारवालाहरुको प्रतिनिधित्वलाई सुनिश्चित गरी उनीहरुको सरोकारका विषयबस्तुलाई सम्बोधन गर्ने,
- निर्माण भएका कानुन, मापदण्ड, योजनाहरुको सम्बोधन गरेका विषयबस्तुहरु सबै तहहरुमा उपयोग गर्ने वातावरणको सिर्जना गर्ने,

**कार्यनीति**

- पाल्हिनन्दन गाँउपालिकामा निर्माण भएका नीतिहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारण बमोजिम पुनरावलोकलन तथा संशोधन गरी कार्यान्वयन गरीनेछ,
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण संस्थागत गर्न आवश्यक कानुन एवं कार्यविधिको तर्जुमा गरीनेछ,
- गाँउपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ईकाई वा शाखालाई उत्तरदायि बनाइनेछ ।
- यस गाँउपालिकामा गठन हुने सबै प्रकारका समुह, समिति तथा अन्य संस्थाहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सिद्धान्त बमोजिम पदाधिकारीहरुमा समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गरीनेछ,
- लै.अ.स.सा. प्रवर्द्धन गर्न सबै तह र क्षेत्रमा दिर्घकालिन तथा अल्पकालिन योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन गरीनेछ,
- नीती र योजना निर्माणको चरणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वेदनशिल पद्धती र कार्यप्रणालीको अवलम्बन गर्न सरोकारवालाहरुको प्रतिनिधित्वलाई सुनिश्चित गरी उनीहरुको सरोकारका विषयबस्तुलाई सम्बोधन गरीनेछ,
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको प्रवर्द्धनका लागि सामाजिक समावेशिकरण सहितको संगठन प्रर्वद्धनका लागी विकास साझेदार, सहकारी, गैर सरकारी तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य साथै परिचालन गरीनेछ,

- निर्माण भएका नीतिहरुले सम्बोधन गरेका विषयबस्तुहरु कार्यान्वयन गर्न र गराउन सबै तहहरुलाई उपयोग गर्न अनुकुल वातावरण तयार गरीनेछ,
- नीतिहरुमा भएको व्यवस्थाहरुको आवधिक छलफल गर्ने, उत्तरदायि संरचनाहरुको निर्माण गरी नीतिगत सुशासनको सुनिश्चित गरीनेछ,
- तथ्य र परिणाममा आधारित नीतिबाट प्राप्त परिणामहरुलाई अभिलेखिकरण गरीनेछ,

## ९.२ नीतिः

२. कार्यक्रम तथा वजेट लैङ्गिक उत्तरदायी तथा समावेशी बनाउने,

**रणनीति**

- पाल्हिनन्दन गाउँपालिकाको योजना तथा बजेट तर्जुमा गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रति उत्तरदायी बनाउने,
- पाल्हिनन्दन गाउँपालिका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण दृष्टिकोणवाट लक्षित समुदायप्रति जवाफदेहिता सुनिश्चितता गर्ने,
- पाल्हिनन्दन गाउँपालिकाको अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रति उत्तरदायी बनाउने,

**कार्यनीति**

- पाल्हिनन्दनगाउँपालिकाको खण्डिकृत तथ्याङ्कको व्यवस्था, समय अनुसार अद्यावधिक र योजना तर्जुमा साथै समिक्षा गर्न प्रयोग गरीनेछ,
- पाल्हिनन्दनगाउँपालिकाको योजना तथा बजेट तर्जुमा गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी प्रणालीलाई प्रयोगमा ल्याईनेछ,
- महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरीक, बालबालिका, लगायत बञ्चितीकरणमा परेका विपन्न वर्ग र समुदायको आवश्यकताको पहिचान गरी उनीहरुको उत्थान तथा सशक्तिकरणका लागि विशेष कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यान्वयन गर्नेछ, कार्यक्रमको प्रभावकारिता मापनको लागि सार्वजनिक सुनुवाई (Public Audit) गरीनेछ र सार्वजनिक सुनुवाई गर्दा लक्षित समुदाय को उपस्थिति र लैङ्गिक समानता तथा सामाजिक
- समावेशीकरणका सवाललाई उचित रुपमा सम्बोधन गरीनेछ,
- पाल्हिनन्दन गाउँपालिकामा रहेका लक्षित समुदायको गुनासो सुन्नका लागि गुनासो सुन्ने संयन्त्रको निर्माण गरी कार्यान्वयन गरीनेछ,
- पाल्हिनन्दन गाउँपालिकाको वजेट तथा कार्यक्रमलाई वार्षिक रुपमा लै.अ.स.सा. को दृष्किोणवाट

लेखाजोखा/परीक्षण गरी कमजोर पक्षहरुको सुधारको लागि लै.अ.स.सा. मूलप्रवाहीकरण कार्य योजना बनाई कार्यान्वयन गरिनेछ,

- पाल्हिनन्दन गाउँपालिकाको मूल्याङ्कन प्रणाली र सूचकलाई परिमार्जित गरी प्रतिवेदनमा खण्डिकृत सुचना समावेश गर्ने व्यवस्था गरिनेछ, पाल्हिनन्दन गाउँपालिकामा हुने कार्यक्रमहरुको समिक्षा गर्दा खण्डिकृत सुचना उपयोग गर्नप्रोत्साहन गरिनेछ ।

## ९.३ नीतिः

३. विकासका मुल विषयहरुमा आवश्यकताको आधारमा सूचनाको पहुँच र अर्थपूर्ण सहभागीतालाई सुनिश्चित गर्ने,

**रणनीति**

- योजना तर्जुमा र विकासका कार्यक्रमको कार्यान्वयनमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी कार्यक्रम तर्जुमा गर्ने,
- योजना तर्जुमाको प्रक्रियामा लक्षित समुदायको क्षमता अभिवृद्धि गरि अर्थपुर्ण सहभागिताको सुनिश्चितता गर्ने,

**कार्यनीति**

- पाल्हिनन्दन गाउँपालिकाको योजना प्रक्रिया लगायत अवसर तथा लाभ वितरणमा लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चित गरी नीति तथा कार्यक्रम तयार गरीनेछ,
- वडा तथा बस्तीस्तरमा गरीने योजना तर्जूमा सम्बन्धि छलफल तथा निर्णयहरु र कार्यक्रम कार्यान्वयन एवं अनुगमन प्रक्रियामा समेत महिला, दलित, जेष्ठ नागरीक, अपाङ्ग लगायत बञ्चितीकरणमा परेका वर्गहरुको अर्थपुर्ण सहभागीता सुनिश्चित गरीनेछ,
- पाल्हिनन्दन गाउँपालिकामा लै.अ.स.सा. सम्बन्धि एकिकृत सूचना व्यवस्थापन प्रणाली विकास गरी यस क्षेत्रसंग सम्बन्धित सूचनाहरु लक्षित वर्ग सम्म आदान प्रदान गरीनेछ,
- पाल्हिनन्दन गाउँपालिकाको सेवा र विकासका कार्यक्रमको सूचना सम्प्रेषण गर्दा लक्षित समुदायहरुको मातृ भाषा समेतमा सम्प्रेषण गरिनेछ,
- महिला, बालबालिका, अपाङ्ग, जेष्ठ नागरिक, दलित लगायतका बञ्चित वर्गको पहुँच बृद्धि गर्नर उनीहरुको आवाज गाँउपालिका सम्म पुर्‍याउन उनीहरुको संञ्जाल निर्माण गरी परिचालन गरीनेछ,

## ९.४ नीतिः

४.लक्षित वर्गलाई सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण सुनिश्चतता गर्ने,

**रणनीति**

- पाल्हिनन्दन गाउँपालिकामा लै.अ.स.सा. केन्द्रित स्रोत साधन कार्यविधि र मापदण्डहरुको आधारमावितरण गर्ने,
- लै.अ.स.सा. को प्रवर्द्धनका लागी नागरिक समाज, अधिकारमुखि संघ सस्थाहरु संग समन्वय र सहकार्य गर्ने,

**कार्यनीति**

- पाल्हिनन्दन गाउँपालिकाबाट सन्चालित योजना तथा कार्यक्रमहरुमा लक्षित समुदायको (महिला,दलित, अपाङ्गता भएका व्यक्तिहरु, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायका ब्यक्तिहरु) सहभागिता र समानुपातिक लाभको सुनिश्चितताको लागि कार्यविधि र मापदण्डका आधारमा कार्यान्वयनमा ल्याइनेछ,
- आयोजनाको अनुगमनमा लै.अ.स.सा. को दृष्टिकोणबाट अनुगमन तथा मुल्यांकन गरिनेछ,
- गाउँपालिकावाट सन्चालन गर्ने सेवा, सुविधा, कार्यक्रमको प्रभावकारीता लै.अ.स.सा. को दृष्टिकोणवाट पुनरावलोकन तथा समीक्षा गरिनेछ,
- गाउँपालीकावाट संचालित कार्यक्रम वा प्रवाह हुने सेवा, सुविधा र कार्यक्रमको लक्षित समुदायहरुको सहभागितामा प्राथमिकिकरणमा रहेको क्षेत्रमा अल्पकालिन तथा दिर्घकालिनरुपमा हासिल गर्न सक्ने गरी सुचांकहरुको सूची तयार गरी निरन्तर अनुगमन तथा सुपरिवेक्षण गरिनेछ,
- सरोकारवाला र अधिकारावादि संसंस्थाहरुको तथ्याङ्क राख्ने र अद्यावधिक गरिने,
- सो संस्थाहरुलाई लक्षित वर्ग सम्म कार्यक्रम पुर्‍याउन (सूचनाको पहुँच बढाउन, क्षमता अधिवृद्धि गर्न, श्रोत साधानको वितरण तथा लाभको सुनिश्चितता गर्न) समन्वय र सहकार्य गरिने,
- सो संस्थाहरुलाई आवश्यकता अनुसार क्षमता अभिवृद्धि गरि समन्वय र सहकार्यमा प्रभावकारिता ल्याइने ।

## ९.५ नीतिः ५

५. सामाजिक समावेशिकरण सम्बन्धि नीती तथा कार्यक्रम कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरुको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

**रणनीति**

- गाउँपालिकामा लै.अ.स.सा. सम्बन्धी क्षमता अभिवृद्धि गरिने,

- गाउँपालिकाको समिति तथा वडागत संरचनाहरुमा कार्य जिम्मेवारीमा नै क्षमता विकासको व्यबस्था गरिने ।

**कार्यनीति**

- लै.अ.स.सा. लाई आन्तरिकीकरण गर्न गाउँपालिकाका प्रत्येक शाखा तथा सरोकारवालाहरुको क्षमता अभिबृद्धिका कार्यक्रमको योजना तर्जुमा गरी र कार्यान्वयन गरिने,
- गाउँपालिकाको बार्षिक कार्यक्रम तथा सेवा प्रवाहलाई सामाजिक समावेशीकरण मैत्री बनाउन सबै शाखा तथा जनशक्तिको विच समन्वय र सहकार्य गरिने,
- गाउँपालिका भित्र भएका कार्यक्रमको समावेशी सिद्धान्त अनुकुल भए नभएको समिक्षा गर्न आर्थिक वर्षको समाप्ती पछि प्रगति समिक्षा आयोजना गरिने,
- असल अभ्यासको अनुभव आदान प्रदान गर्ने र उत्कृष्टलाई पुरस्कृत गरिने,

## ९.६ नीति ६ः

६. सामाजिक सद्भाव सुमधुर बनाउन विमान सबै प्रकारका सामाजिक भेदभाव जन्य प्रचलन र व्यवहार अन्त्य गर्ने

**रणनीति**

- सबै प्रकारका सामाजिक भेदभाव जन्य प्रचलन र व्यवहारको अन्त गर्न शुन्य सहनशीलताको रणनीति अवलम्बन गर्ने,
- लैङ्गिक हिंसा र घरेलु हिंसा अन्त गर्न विभिन्न रणनीतिहरु अवलम्बन गर्ने ।

**कार्यनीति**

- सवै भेदभावजन्य कानुनहरुलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने,
- गाउँपालिकामा लैङ्गिक समानता र भेदभाव रहित व्यवहारको लागि शुन्य सहनशीलताको कार्यनीतिलाई व्यवहारमा रुपान्तरण गरीने,
- सशक्तिकरण र परम्परागत सकारात्मक मुल्य मान्यता दिने किसिमको बजेट तथा कार्यक्रम छनोटमा ध्यान दिइने,
- लैङ्गिक हिंसा, घरेलुहिंसा, अन्धविश्वास, छुवाछुत, कुरिति, लगायतका गलत परम्परागत हानिकारक सामाजिक मुल्य, मान्यता र व्यवहारका विषयमा लक्षित वर्ग जनप्रतिनिधि, स्थानीय संघ सस्था लाई अभिमुखीकरण गरिने,
- विभिन्न सञ्चार माध्यमवाट लैङ्गिक हिंसा, घरेलुहिंसा, अन्धविश्वास, छुवाछुत, सामाजिक कुरिति उन्मूलन गर्न सचेतनामुलक सन्देश तथा कार्यक्रमहरु सञ्चालन गरिने,

- लैङ्गिक हिंसा अन्त गर्न बनेका विद्यमान कानुन र व्यबस्थाहरु वारे प्रचार प्रसार तथा सचेतीकरण गरिने,
- गाउँपालीका क्षेत्रभित्र रहेका माध्यमिक विद्यालयका सामाजिक विषयका शिक्षकहरुलाई लैङ्गिक हिंसा र सामाजिक भेदभाव र लै.अ.स.सा. विषयमा अभिमुखीकरण गरिने,
- स्थानीय तहमा गठन हुने वालक्लब, महिला समुह, सहकारी, किशोरकिशोरी समुहलाई लैङ्गिक हिंसा, सामाजिक भेदभाव र लै.अ.स.सा. सम्बन्धी अभिमुखीकरण,
- विशेष गरी हिंसामा पर्न सक्ने समुह महिला, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रुपमा विपन्न वर्ग तथा समुदायका लागि सिपमुलक, आयमुलक, उद्यमशिलता जस्ता आर्थिकोपार्जन र जिवनउपयोगी कार्यक्रमहरुको सञ्चालन,
- .लिङ्गमाआधारित हिंसा र भेदभावपुर्ण व्यवहार विरुद्धका हरेक क्रियाकलाप तथा कार्यक्रमहरुमा किशोर तथा पुरुषहरुको (Men Engage ) अर्थपुर्ण सहभागिता,
- जोखिम र पारिवारीक बहिष्करणमा परेका व्यक्तिको संरक्षणका लागी स्थानिय स्तरमा संरक्षण गृहको स्थापना र सञ्चालन,

## १०. नीतिको कार्यान्यनमा आउन सक्ने संभावित जोखिम तथा सो जोखिम न्युनिकरणका उपायहरु

उल्लेखित नीति, रणनीति र कार्यनीतिहरुको प्रभावकारी कार्यान्वयनको क्रममा आउन सक्ने सम्भाव्य जोखिम तथा चुनौती र जोखिमको निराकरणका लागि देहाय बमोजिमका उपायहरुको अबलम्बन गरिनेछ ।

| क्र. स. | संभावित जोखिम | जोखिम न्युनिकरणका उपायहरु | कैफियत |
|---|---|---|---|
| १ | लै.अ.स.सा. को विषय बारेमा समान बुझाईको अभाव हुनु तथा। स्थानिय तहको प्राथमितामा नपर्नु | सहभागितात्मक छलफलबाट समान बुझाई बनाउने र लै.अ.स.सा.को महत्वको बारेमा छलफलको माध्यमबाट प्राथमितामा राख्ने । | |
| २ | गाउँपालिकाका सेवा र विकासका।कार्यहरु लै.अ.स.सा. उत्तरदायी भई प्रभावकारी रुपमा कार्यान्वयन नहुनु | पालिका स्तरको निर्देशक समितलाई उत्तरदायी बनाई, सेवा प्रवाह तथा कार्यान्वयन गर्ने निकायलाई उत्तरदायी बनाउन गाँउ, टोल स्तरमा समितीहरु गठन गर्ने र लै.अ.स.सा. नीतिबारे जानकारी गराउने । | |
| ३ | वडास्तरबाट नै लै.अ.स.सा. सँग सम्बन्धित योजना तथा कार्यक्रमहरु वस्तुगत रुपमा छनौटमा नहुनु | योजना छनौट मार्गदर्शन अनुसार कार्यक्रम तथा योजना छनोट गरी कार्यान्वयनमा ल्याउने । | |

| | | | |
|---|---|---|---|
| ४ | लै.अ.स.सा. नीतिको प्रभावकारी कार्यान्वयनका लागी आर्थिक स्रोतको अभाव, | योजना तथा कार्यक्रम तर्जुमा गर्दा आवशयकताका आधामा लै.अ.स.सा. सँग सम्बन्धित बजेटको व्यवस्था गर्ने । | |
| ५ | बञ्चीतीकरणमा परेका वर्ग तथा समुदायको आर्थिक सशक्तिकरणनहुनु । | कार्यक्रम तथा बजेटमै लक्षित समुह वा समुदायका लागि कार्यक्रम छनोट गरी कार्यान्वयन गर्ने । | |
| ६ | खण्डिकृत तथ्याङ्क तथासूचांकहरुको आधारमा योजनाकार्यक्रमहरु तयार नहुनु । | योजना तर्जुमा तथा अनुगमन पद्धतीलाई आवश्यकता र तथ्याङ्कमा आधारित बनाउने । | |

## ११. लै.अ.स.सा. नीतिका अपेक्षित उपलब्धिहरुः

१. लै.अ.स.सा. नीति बारे सबैको बुझाईमा एकरुपता हुनेछ र गाउँपालिकाको नीती, कानुन, मापदण्ड, योजनाहरुको लै.अ.स.सा. उत्तरदायी बनाई लक्षित वर्गमा समानुपातिक लाभ वितरणको हुनेछ ।

२. गाउँपालिकामा सहभागितात्मक प्रणालीबाट लैङ्गिक उत्तरदायी तथा समावेशी कार्यक्रम तथा वजेट तर्जुमा भई कार्यान्वयन हुने ।

३. गाउँपालिकाका आवश्यक सेवा र विकास कार्यक्रमका सूचनाहरुको पहुँच लक्षितवर्ग सम्म पुग्ने छ र उनीहरुको अर्थपूर्ण सहभागीता बृद्धि हुदै जाने ।

४.गाउँपालिकाका लक्षित वर्गहरुको सहभागिता विकास कार्यक्रममा भई उनीहरुले सार्वजनिक स्रोत, साधन र लाभमा पहुँच तथा निर्णय प्रकृयामा सहभागिता बृद्धि हुने ।

५. गाउँपालिकाका सेवाप्रवाह र कार्यक्रम कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरुको लै.अ.स.सा. सम्बन्धी क्षमता अभिवृद्धि भई गाउँपालिकाको सबै कार्यमा लै.अ.स.सा. मैत्री हुने ।

६. गाउँपालिकामा सबै प्रकारका भेदभावजन्य प्रचलन र व्यवहार कम भई सामाजिक सद्भाव र सुमधुर वातावरण बन्ने छ ।

## १२. लै.अ.स.सा. नीति कार्यान्वयनको लागि कार्ययोजनाः

| क्र. स. | प्रमुख क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय तथा सरोकारवालाहरु | आर्थिक स्रोतको परिचालन | समय सीमा |
|---|---|---|---|---|---|
| १ | सबै तह र कार्य क्षेत्रहरु लै.अ.स.सा. उत्तरदायी गर्न विकास र विस्तार गर्ने, | पाल्हिनन्दन गा.पा | महिला बालबालिका तथा समाज कल्याण र विषय विज्ञहरु | गाँउपालिकाको वार्षिक बजेट तथा गाँउ सभा, विकास साझेदार, | निति तथा कार्यक्रम स्वीकृत भएको १ वर्ष भित्र |
| २ | नीति, कानुन, मापदण्ड, योजनाहरुको पुनरावलोकन, संशोधन तथा तर्जुमा गर्ने | पाल्हिनन्दन गा.पा. | गाँउ सभा, कार्यपालिका र महिला बालबालिका तथा समाज कल्याण इकाई र विषयगत विज्ञहरु | संघ, प्रदेश र स्थानीय सरकारबाट विनियोजित वार्षिक बजेट, विकास साझेदार | आवश्यकता अनुसार निरन्तर |
| ३ | लै.अ.स.सा. को प्रवर्द्धनका लागि विकास साझेदार सहकारी, गैर सरकारी तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य साथै परिचालन | पाल्हिनन्दन गा.पा. | सामाजिक विकास शाखा बालबालिका तथा समाज कल्याण इकाई र विषयगत विज्ञहरु मानव अधिकार सामाजिक न्यायको क्षेत्रमा काम गर्ने अन्य संघ/संस्थाहरु | संघ, प्रदेश र स्थानीय सरकारबाट बिनियिजित वार्षिक बजेट तथा विकास साझेदारहरु | नीति तथा कार्यक्रम स्वीकृत भए पश्चात निरन्तर |
| ४ | गाउँपालिकाको खण्डीकृत तथ्यांक व्यवस्था र योजना तर्जुमा साथै समिक्षा गर्न प्रयोग गर्ने | पाल्हिनन्दन गा.पा. | सामाजिक विकास शाखा,योजना शाखा, मानव अधिकार सामाजिक न्यायको क्षेत्रमा काम गर्ने अन्य संघ/संस्थाहरु | संघ, प्रदेश र स्थानीय सरकारबाट बिनियिजित वार्षिक बजेट तथा विकास साझेदारहरु | कार्यक्रम स्वीकृत भएको ६ महिना भित्र |
| ५ | पाल्हिनन्दन गाउँपालिकाको योजना तथा बजेट तर्जुमा गर्दा | पाल्हिनन्दन गा.पा. | महिला बालबालिका तथा समाज कल्याण | संघ, प्रदेश र स्थानियसरकार बाट विनियोजित वार्षिक | नीति तथा कार्यक्रम स्वीकृत भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | लै.अ.स.सा. उत्तरदायी कार्यविधि बनाउने | | ईकाई र विषय विज्ञहरु | वजेट, विकासक साझेदार, | ६ महिना भित्र |
| ६ | सार्वजनिक सुनुवाई (Public Audit) नियमितरुप रुपमा गर्ने | पाल्हिनन्दन गा.पा. | सबैवडा कार्यालयहरु, विषयगत 'शाखाहरु र गाँउपालिका | स्थानिय सरकार | प्रत्येक आ.व. को ३ पटक |
| ७ | लक्षित समुदायको गुनासो सुन्नकालागि गुनासो सुन्ने संयन्त्रको निर्माण गरी कार्यान्वयनमा ल्याउने | पाल्हिनन्दन गा.पा. | महिला बालबालिका तथा समाज कल्याण ईकाइ | पाल्हिनन्दन गा.पा. | तत्कालै |
| ८ | लै.अ.स.सा. को दृष्किोणवाट लेखाजोखा/परिक्षण गरि, कमजोर पक्षहरुको सुधारको लागिमूलप्रवाहीकरण कार्य योजना बनाउने | पाल्हिनन्दन गा.पा. | महिला बालबालिका तथा समाज कल्याण ईकाइ योजना शाखा, सामाजिक शाखा | वर्षिक बजेट तथा सहयोगी निकायको बजेट | ३-६ महिना भित्र |
| ९ | लै.अ.स.सा. सम्बन्धी क्षमता अभिवृद्धी कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने | पाल्हिनन्दन गा.पा. | महिलाबालबालिका तथा समाजकलयाण ईकाई, मानव अधिकार तथा समाजिक विकास शाखा न्यायको क्षेत्रमा कार्यरत संघसंस्था तथा | वार्षिक बजेट तथा सहयोगी निकायको बजेट | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | विषय विज्ञहरु | | |
| १० | लैंगिक समानता र भेदभाव रहित व्यवहारको लागि शुन्य सहनशीलताको क्रार्यक्रम बनाउने र कार्यन्वयन गर्ने | पाल्हिनन्दन गा.पा. | महिलाबालबालिका तथा समाजकलयाण ईकाई र समाजिक विकास शाखा | वार्षिक बजेट तथा सहयोगी निकायको बजेट | निरन्तर |
| ११ | लैंगिक हिंसा, घरेलु हिंसा, अन्धविश्वास, छुवाछुत, कुरीति लगायत गलत परम्परागत हानिकारक सामाजिक मुल्य मान्यता र व्यवहारका बिषयमा लक्षित वर्ग जनप्रतिनिधि, स्थिनिय संघ संस्थालाई अभिमुखीकरण गर्ने | पाल्हिनन्दन गा.पा. | महिलाबालबालिका तथा समाजकलयाण ईकाई, मानव अधिकार तथा समाजिक विकास शाखा न्यायको क्षेत्रमा कार्यरत संघसंस्था तथा विषय विज्ञहरु | संघ, प्रदेश र स्थानीय सरकारबाट बिनियिजित वार्षिक बजेट तथा विकास साझेदारहरु | नीति तथा कार्यक्रम स्वीकृत भएको ६ महिना भित्र |
| १२ | लैंगिक हिंसा अन्त गर्न बनेका बिद्धमन कानुन र व्यवस्थाहरु वारे प्रचार प्रसार तथा सचेतीकरण गर्ने | पाल्हिनन्दन गा.पा. | महिलाबालबालिका तथा समाजकलयाण ईकाई, मानव अधिकार तथा समाजिक विकास शाखा न्यायको क्षेत्रमा कार्यरत संघसंस्था तथा विषय विज्ञहरु | संघ, प्रदेश र स्थानीय सरकारबाट बिनियिजित वार्षिक बजेट तथा विकास साझेदारहरु | निरन्तर |

## १३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको कार्यान्वयनको लागि समितिको व्यवस्था

यस नीतिमा भएका प्रावधानलाई स्थानीय तहमा कार्यान्वयन तथा अनुगमन गर्ने कार्यका साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्दिष्ट गरेका नीति राष्ट्रिय समावेशी नीति र महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले निर्दिष्ट गरेको राष्ट्रिय लैङ्गिक समानता नीति साथै प्रदेशस्तरको मन्त्रालयबाट गरेका निर्देशन अनूरुप लै.अ.स.सा. मूलप्रवाहिकरणका कार्यहरु प्रभावकारीरुपमा कार्यान्वयन गर्न देहायका समिती र उप-समितीहरुको व्यवस्था गरेको छ।

**क) यस पाल्हिनन्दनगाँउपालिका स्तरमा देहाय बमोजिमको लैंगिक तथा सासाजिक समावेशीकरण नीति कार्यान्वयन समिति रहने छ ।**

क) गाँउपालिका उपाध्यक्षसंयोजक

ख) प्रमुख प्रशासकीय अधिकृतसदस्य

(ग) प्रमुख सामाजिक विकास शाखासदस्य

घ) संयोजक, सामाजिक विकास समिति सदस्य

ङ) सामुदायीक संघ सस्था मध्येवाटसदस्य (५ जना सम्म)

च) महिला, बालबालिका तथा जेष्ठ नागरिक विषय हेर्ने अधिकृत सदस्य सचिव

**समितिको आकार :** समितीको पदाधिकारीहरु ७ देखि १३ जना सम्म राख्न सक्नेछ ।

**ख) प्रत्येक वडा स्तरमा देहाय बमोजिमको लैङ्गिक तथा सामाजिक समावेशीकरण उपसमिती गठन गर्न सक्नेछ । सो उपसमिती मार्फत लै.अ.स.सा. सम्बन्धि सबै किसिमका कार्यक्रमहरुको समुदाय स्तरसम्म पुयाईने सुनिश्चितता गर्ने छ ।**

क) वडा अध्यक्षसंयोजक

ख) वडा सदस्यहरु ( महिला र महिला दलित सहित ) ३ जना सदस्य

ग) वडा सचिब सदस्य सचिव

(घ) अतिथि:संघसस्थाबाट आवश्यकता अनुसार२ जना

ङ) महिला, बालबालिक तथा जेष्ठ नागरिक विषय हेन शाखा प्रमुख १ जना

- **लै.अ.स.सा. समन्वय समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) **पाल्हिनन्दन गाँउपालिकाको** ऐन, कानुन, नीति, आवाधिक योजना, विषयगत योजना,पार्श्वचित्र र अरु प्रकाशित हुने सबै प्रकारका दस्तावेजमा लै.अ.स.सा. को विषयवस्तुको समावेश गरी मुलप्रवाहीकरण गर्न प्राविधिक सहयोग गर्ने,

ख) **पाल्हिनन्दन गाँउपालिका**को योजना तथा बजेट तर्जुमा गर्दा लै.अ.स.सा. का समस्या समाधान हुने गरी उत्तरदायी बनाउन प्राविधिक सहयोग गर्ने,

ग) **पाल्हिनन्दन गाँउपालिकाको** खण्डिकृत तथ्याकको व्यवस्था गर्न र समयानुकुल अद्यावधिक गर्न प्राविधिक सहयोग गर्ने,

घ) **पाल्हिनन्दन गाँउपालिकाका** महिला, वालबलिका लगायत वन्चितीकरणमा परेका समुदायको खण्डकृत तथ्यांक संकलन एवं विश्लेषण गरी समस्याको पहिचान गर्न सहयोग गर्ने,

ङ) **पाल्हिनन्दनगाँउपालिकाको** योजना तथा कार्यक्रमहरुको तर्जुमा गर्दा महिला र विपन्न वर्गका समुदाय र व्यक्तिहरुका विकासका कार्याक्रमहरु समावेश, पहुँच र फाइदा वितरणमा सुनिश्चितता ल्याउन नेतृत्वदायी भुमिका निभाउने,

च) **पाल्हिनन्दन गाँउपालिकाको** लैङ्गिक तथा सामाजिक समोशीकरण नीति अनुरुप लैङ्गिकम तथा सामाजिक समाबेशीकरण कार्यविधि तयार गरि कार्यान्वयन गर्ने गराउने,

छ) **पाल्हिनन्दन गाँउपालिकाको** नीति कार्यान्वयन गर्न आफ्नो जिम्मेवारी वहन गर्ने र अन्य निकाय तथा कार्यालय संग कार्यगत समन्वय कायम गर्ने,

ज) **पाल्हिनन्दन गाँउपालिकाको** नीति कार्यान्वयन सम्बन्धी अनुगमन तथा मुल्यांकन गर्ने गराउने, सार्वजनिक सुनवाई, सामाजिक लेखाजोखा र लै.अ.स.सा. लेखाजोखा गर्न नेतृत्वदायी भुमिका निभाउने,

झ) **पाल्हिनन्दन गाँउपालिकाको** आवधिक, वार्षिक, योजना तर्जुमा कार्यान्वयन वजेट बाँडफाट खर्चको लेखाजोखा, अनुगमन तथा मुल्यांकन प्रणली सामाजिक समावेशीकरणमैत्री भए नभएको विश्लेषण गर्ने र सामाजिक समोबेशीकरण उत्तरदायी बनाउन नियमितरुपमा सम्बन्धित गाँउपालिकालाई सुझाव दिने,

ञ) **पाल्हिनन्दन गाँउपालिकाको** लै.अ.स.सा. सम्बन्धि क्षमता अभिवृद्धि योजना तयार गरी लै.अ.स.सा. क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने र गराउने,

त) **पाल्हिनन्दन गाँउपालिकाको** लै.अ.स.सा. मूलप्रवाहीकरण र यस नीतिको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला र अधिकारमुखी संसंस्थाहरु संग समन्वय र सहकार्य गर्ने र गराउने,

थ) **पाल्हिनन्दन गाँउपालिकाको** लै.अ.स.सा. नीति कार्यान्वयन गर्नेक्रममा आउन सक्ने सम्भावित जोखीमहरुको समाधान गर्न आवश्यक ब्यबस्था गर्ने,

द) यी माथि उल्लेखित कार्यहरु गर्न कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने ।

- **लै.अ.स.सा. समन्वय उप-समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुने छ ।**

क) **पाल्हिनन्दन गाँउपालिकाको** लै.अ.स.सा. समन्वय समितिले गरेका कार्यहरु जस्तै पाल्हिनन्दन गाँउपालिकाको ऐन, कानुन, नीति, आवाधिक योजना, विषयगत योजना, पाश्वचित्र र अरु प्रकाशित हुने सबै

प्रकारका दस्तावेज स्थानीय तहका समुदायहरु र नागरिक समाजसंग छलफल गरी लै.अ.स.सा. सम्बन्धि विषयवस्तुहरुको समावेश गर्न समन्वयकारी भुमिका निर्वाह गर्ने,

ख) **पाल्हिनन्दन गाँउपालिकाको** योजना तथा वजेट तर्जुमा प्रकृयामा समुदायका विपन्न वर्ग र महिलाहरुलाई सहभागी गराउन नागरिक समाज संग समन्वय र सहकार्य गर्ने,

ग) पाल्हिनन्दन गाँउपालिका वडा तहको खण्डिकृत तथ्याकको व्यवस्था गर्न र समयानुकुल अद्यावधिक गर्न प्राविधिक सहयोग गर्ने,

घ) **पाल्हिनन्दन गाँउपालिका वडास्तरमा** योजना कार्यान्वयनमा प्रभावकारिता ल्याई महिला र विपन्न वर्गहरुको सूचना, श्रोत र साधनमा पहुच बढाई फाइदाको समानुपातिक वितरणमा सुनिश्चितता गर्न नेतृत्वदायी भुमिका निभाउने,

(ङ) **पाल्हिनन्दन गाँउपालिकाको** नीति कार्यान्वयन गर्न आफ्नो जिम्मेवारी वहन गर्ने र अन्य वडास्तरका निकाय तथा कार्यालय, सरोकारवाला र अधिकारमुखी सघ, संस्थाहरुसंग समन्वय र सहकार्य गर्ने, ङ) पाल्हिनन्दन गाँउपालिका, वडास्तरमा योजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याउन सहभागितात्मक अनुगमन तथा मुल्यांकन गर्ने गराउने, सामाजिक लेखाजोखा गर्ने, सार्वजनिक सुनवाई गराउने र लै.अ.स.सा. लेखाजोखा गर्ने आदि,

च) **पाल्हिनन्दन गाँउपालिका** वडा भित्रका महिला, वालबालिका लगायत वन्चितीकरणमा परेका समुदायको खण्डिकृत तथ्यांक संकलन एवं विश्लेषण गर्ने र समस्याको पहिचान गर्न सहयोगको साथै सो समस्या समाधानका लागि योजनाको माग गर्न वकालत गर्ने,

छ) **पाल्हिनन्द नगाँउपालिका** वडास्तरमा लै.अ.स.सा. सम्बन्धि क्षमता अभिवृद्धि योजना तयार गरी लै.अ.स.सा. क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने र गराउने,

ज) यस नीति कार्यान्वयन गर्नेक्रममा आउन सक्ने सम्भावित जोखीमहरुको समाधान गर्न आवश्यक ब्यबस्था गर्ने,

(झ) यी माथि उल्लेखित कार्यहरु गर्न कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने

पालिका स्तरीय समितिको बैठक सामान्यतया प्रत्येक चौमासीकरुपमा बस्ने छ । वडा स्तरिय समितिको बैठक प्रत्येक ६ महिनाको एक पटक बस्ने छ । आवश्यकता अनुसार समितिको बैठक जुनसुकैवेला पनि बस्न सक्ने छ ।

## १४. नीतिको पुनरावलोकन तथा सुधारः

यस नीतिको कार्यान्वयनको प्रभावकारीता, उपयुक्तता र उपादेयताको मुल्यांकन गरी नीतिमा समसामयीक पुनरावलोकन तथा परिमार्जन एवं सुधार हरेक तीन वर्षमा गरिने छ।

## १५. खारेजी तथा बचाउ

यस नीतिमा उल्लिखित कुराहरु प्रचलित कानुनसंग बाँझिएमा वा बाँझिएको हद सम्म सम्बन्धीत कानुन बमोजिम नै हुने छ।